# सामुदायिक विद्यालयमा करार शिक्षक सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :**

लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार तथा नैतिक चरित्रवान नागरिक तयार गर्न यस गाउँपालिकामा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले लेकम गाउँपालिकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसङ्ख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ३ को खण्ड ज र १०२ को उपदफा २ को व्यवस्था बमोजिम शिक्षासम्बन्धी विद्यालयका विभिन्न गतिविधिहरूलाई व्यवस्थित कार्यान्वयन गर्न यो **सामुदायिक विद्यालयमा करार शिक्षक सम्बन्धी कार्यविधि, २०८०** तयार गरी लागु गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम सामुदायिक विद्यालयमा करार शिक्षक सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषा :**

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ। सो शब्दले लेकम गाउँपालिकाको शिक्षा ऐन समेतलाई जनाउनेछ।

(ख) **"नियमावली"** भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनु पर्दछ।सो शब्दले लेकम गाउँपालिकाको शिक्षा नियमावली समेतलाई जनाउनेछ।

(ग) **"कर्मचारी"** भन्नाले विद्यालय प्रशासन, लेखा प्रशासन, विद्यालय नर्स, लाइब्रेरियन, कम्प्युटर अपरेटर, प्रयोगशाला सहयोगी, विभिन्न प्रशिक्षकहरू तथा कार्यालय सहयोगी समेतलाई सम्झनु पर्नेछ ।

(घ) **"मन्त्रालय"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ङ) **"आयोग"** भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्नेछ।

(च) **"माध्यमिक तह"** भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म पढाइ हुने विद्यालय सम्झनुपर्छ।

(छ) **"आधारभूत तह"** भन्नाले कक्षा १ देखि कक्षा ८ सम्म पढाइ हुने विद्यालय सम्झनु पर्छ।

(ज) **"पूर्वप्राथमिक विद्यालय"** भन्नाले कक्षा १ भन्दा मुनि सामान्यतः ५ वर्ष मुनिका बालबालिकाहरूको सबै प्रकारका सिकाइका कक्षा साथै किन्डर गार्डेन, मन्टेश्वरी, बालविकास केन्द्र समेतलाई सम्झनु पर्दछ ।

(झ) **"गाउँपालिका"** भन्नाले लेकम गाउँपालिका कार्यालय सम्झनु पर्दछ ।

(ञ) **"शिक्षा शाखा"** भन्नाले लेकम गाउँपालिकाले तोकेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्दछ।

(ट) **"समिति"** भन्नाले विद्यालय व्यवस्थापन समिति वा विद्यालय अनुगमन तथा मूल्याङ्कन समितिलाई समेत सम्झनु पर्दछ ।

(ठ) **"स्थानीय सरकार"** भन्नाले लेकम गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## करार शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी व्यवस्था

२.१. विद्यालयले शिक्षक, कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्ता रिक्त रहेको सात दिनभित्र पद रिक्त भएको कारण तथा विद्यार्थी संख्या र विषय खुलाई विद्यालय व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकामा करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि अनुमति माग गर्नु पर्नेछ ।

२.२. गाउँपालिकाबाट अनुमति प्राप्त भएपछि करार शिक्षक तथा कर्मचारी पदपूर्तिका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयले १५ दिनको म्याद राखी गाउँपालिका, पालिका शिक्षा शाखा, सम्बन्धित वडा कार्यालय, सम्बन्धित विद्यालय वा स्थानीय पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना टाँस गरेको मुचुल्का तयार गर्नु पर्नेछ ।

२.३. यसरी प्राप्त भएका निवेदनहरूमध्ये शिक्षक सेवा आयोगबाट तत्काल प्रकाशित अस्थायी सूचिमा समावेश भएका उम्मेदवार भएमा शिक्षक सेवा आयोगले प्रकाशित गरेको करार योग्यताक्रम सूचीको प्राथमिकताक्रमका आधारमा विद्यालय व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि करारमा नियुक्ति गर्नेछ । तर त्यस्तो सूचीमा समावेश उम्मेदवार नभएमा शिक्षक तथा कर्मचारी छनौट समिति गठन गरी आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

२.४. यसरी दफा ४ बमोजिम करार शिक्षक तथा कर्मचारी पदमा निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि तथा व्यक्तिगत विवरण (CV) निवेदनसाथ अनिवार्य पेस गर्नु पर्नेछ ।

२.५. यस कार्यविधि बमोजिम नियुक्त गरेका शिक्षक तथा कर्मचारीहरूको व्यक्तिगत विवरण सहित गाउँपालिका शिक्षा शाखामा अभिलेखीकरण गर्नु पर्नेछ ।

२.६. यसरी करार शिक्षक तथा कर्मचारी नियुक्ति गरिएको दरवन्दीमा शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भई आएमा स्वतः अवकाश हुनेछ ।

२.७. यस कार्यविधि बमोजिम प्रक्रिया नपुर्याई शिक्षक तथा कर्मचारी नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी नियुक्ति गर्ने अधिकारीलाई प्रचलित ऐन, कानुनबमोजिम कारबाही गरिनेछ ।

२.८. करार शिक्षक तथा कर्मचारीहरूको परीक्षा शुल्क, तथा छनौट समितिका पदाधिकारीहरूको पारिश्रमिक र बैठक भत्ता व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

२.९. उम्मेदवारले आवेदन सम्बन्धित विद्यालयले तोकेको स्थान र समयमा पेस गर्नु पर्नेछ ।

## परिच्छेद ३
## शिक्षक तथा कर्मचारी छनोट समिति

**३.१. सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि देहाय बमोजिम एक छनौट समिति गठन गरिनेछः**

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य — अध्यक्ष

ख) गाउँपालिका शिक्षा शाखाको शाखा अधिकृत — सदस्य

ग) विषय विज्ञको सूचीबाट गाउँपालिका शिक्षा प्रमुखले २४ घण्टा अगाडि मनोनित गरेका बढीमा २ जना सम्बन्धित विषयका विशेषज्ञ — सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

**३.२ उपदफा ४.१ (ग) अनुसारको विज्ञसूची गाउँ शिक्षा शाखाबाट देहाय बमोजिम हुनेछः**

क) गाउँपालिकाले प्रत्येक वर्ष चैत्र मसान्तभित्र सूचना प्रकाशन गरी विषय विज्ञहरूको निवेदन माग गर्नेछ र सो सूची गाउँ शिक्षा समितिले अनुमोदन गरेपछि २ वर्षसम्म कायम रहनेछ ।

ख) विषयविज्ञहरूको रूपमा सूचीकृत हुन चाहने इच्छुक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह र विषयको २-२ प्रति उत्तरकुञ्जिका सहितका प्रश्नपत्र निवेदन साथ पेस गर्नु पर्नेछ ।

ग) सूचीकृत विषयविज्ञ सम्बन्धित विद्यालयको करार शिक्षक छनोट समितिमा विज्ञ मनोनित हुन पाइने छैन।

घ) गाउँपालिकाको कुनै पनि विषयको विज्ञसूचीमा दुई वा दुईभन्दा कम भएमा मात्र अन्यत्रबाट विज्ञ लिइनेछ।

**३.३. उपदफा ४.२. (क) बमोजिम सूचीकृत हुने विषय विज्ञहरूको योग्यता देहाय बमोजिम हुनेछः**

क) आधारभूत तह कक्षा १—५ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको तथा सम्बन्धित तह वा सो भन्दा माथि ५ वर्ष स्थायी सेवा गरेको,

ख) आधारभूत तह कक्षा ६—८ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह तालिम प्राप्त तथा सम्बन्धित तह वा सोभन्दा माथि ५ वर्ष स्थायी सेवा गरेको,

ग) माध्यमिक तह कक्षा ९—१० का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह तालिम प्राप्त तथा सम्बन्धित तह वा सोभन्दा माथि ५ वर्ष स्थायी सेवा गरेको,

घ) माध्यमिक तह कक्षा ११—१२ का लागि माध्यमिक तहमा उत्तीर्ण द्वितीय श्रेणीमा कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको वा मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त तथा सम्बन्धित तह वा सोभन्दा माथि ५ वर्ष स्थायी सेवा गरेको वा विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा कम्तीमा ५ वर्ष सेवा गरेका वा सेवा निवृत्त अध्यापक,

३.४. उपदफा ४.१. ग) बमोजिम मनोनित सदस्यको पदावधि सो छनोट कार्य पूरा नहुँदासम्म कायम रहनेछ ।

३.५. शिक्षक छनोट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

३.६. करार शिक्षक तथा कर्मचारी छनौटका लागि लिइने परीक्षाको केन्द्र गाउँपालिकाले तोक्न पनि सक्नेछ ।

३.७. आयोगले शिक्षक छनोट सम्बन्धी मापदण्ड वा कार्यविधि बनाई लागु गरेमा शिक्षक तथा कर्मचारी छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधि पालना गर्नु पर्नेछ ।

३.८. बैठकसम्बन्धी मापदण्ड समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ४

### शिक्षक तथा कर्मचारीको उम्मेदवार बन्नका लागि चाहिने शैक्षिक योग्यता तथा तालिम

**४.१. करार शिक्षकमा उम्मेदवार हुनका लागि देहाय बमोजिमको न्युनतम शैक्षिक योग्यता र तालिम प्राप्त हुनु पर्नेछः**

क) आधारभूत (कक्षा १—५) तह : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

ख) आधारभूत (कक्षा ६—८) तह : मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

ग) माध्यमिक(कक्षा ९—१०)तह : मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

घ) माध्यमिक (कक्षा ११—१२) तह : मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

ङ) उपदफा ५.१. मा उल्लेख भएको तालिम प्राप्त हुनका लागि शिक्षण पेसासँग सम्बन्धित १० महिना अवधिको तालिम पूरा गरेको हुनु पर्नेछ । शिक्षाशास्त्र विषय लिई आवश्यक न्यूनतम योग्यता वा सोभन्दा माथिको योग्यता हासिल गरेका व्यक्तिलाई तालिम प्राप्त मानिनेछ ।

**४.२. करार कर्मचारीमा उम्मेदवार हुनका लागि देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता र तालिमप्राप्त हुनु पर्नेछः**

क) कार्यालय सहयोगी (पियन) का लागि न्यूनतम कक्षा ८ उत्तीर्ण गरेको,

ख) बालविकास सहजकर्ता (स.का.) का लागि कम्तीमा कक्षा १० उत्तीर्ण तथा बालविकाससम्बन्धी तालिम प्राप्त गरेको,

ग) कार्यालय सहायक (लेखा सहायक कर्मचारी) का लागि माध्यमिक तह उत्तीर्ण गरेको,

घ) विद्यालय प्रशासन, विद्यालय नर्स, लाइब्रेरियन, कम्प्युटर अपरेटर, प्रयोगशाला सहयोगी, विभिन्न प्रशिक्षकहरूजस्ता पदको लागि सेवासँग सम्बन्धित न्यूनतम योग्यता तथा तालिम प्राप्त गरेको,

## परिच्छेद ५
## उम्मेदवारका लागि आवश्यक योग्यता

**५.१. देहायका व्यक्तिहरू करार शिक्षक पदमा नियुक्त हुनका लागि योग्य हुने छैनन्:**

क) गैरनेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको,

ग) ४० वर्ष उमेर पूरा भएको,

घ) मगज बिग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको,

छ) अध्यापन अनुमति पत्र नभएको ।

**५.२. देहायका व्यक्तिहरू करार कर्मचारी पदमा नियुक्त हुनका लागि योग्य हुने छैनन्:**

क) गैरनेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको,

ग) ४० वर्ष उमेर पूरा भएको,

घ) मगज बिग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

च) भविष्यमा सरकारी नोकरीका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको,

छ) सेवासँग सम्बन्धित तोकिएको शैक्षिक योग्यता र तालिम नभएको ।

## परिच्छेद ६
## परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

६.१. करार शिक्षक तथा कर्मचारीहरूको लिखित, प्रयोगात्मक (आवश्यकता अनुसार) तथा अन्तर्वार्ता परीक्षाको माध्यमद्वारा छनोट गरिनेछ ।

६.२. करार शिक्षक छनोटको लागि लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको स्थायी शिक्षक सेवाका लागि तय गरेको पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

६.३. लिखित परीक्षा ३ (तीन) खण्डमा सञ्चालन हुनेछ ।

६.३.१. प्रथम खण्ड - वस्तुगत परीक्षा : आयोगले तोकेको पाठ्यक्रमका आधारमा १०० पूर्णाङ्कका ५० प्रश्नहरूमा एक घण्टा समयको परीक्षा हुनेछ ।

क) वस्तुगत परीक्षाको उत्तीर्णाङ्क : ५० अंक प्राप्त गर्नेलाई मात्र दोस्रो खण्डको विषयगत परीक्षामा सामेल गराइनेछ ।

ख) वस्तुगत परीक्षाको ५० प्रतिशत अंक मात्र अन्तिम नतिजामा समावेश गरिनेछ ।

६.३.२. दोस्रो खण्ड - विषयगत परीक्षाः प्रथम खण्डमा उत्तीर्ण भएका परीक्षार्थीहरूलाई आयोगले तोकेको पाठ्यक्रमको आधारमा १०० पूर्णाङ्कको विषयगत लिखित परीक्षा सञ्चालन गरिनेछ ।विषयगत लिखित परीक्षा ३ घण्टाको हुनेछ र उत्तीर्णाङ्क ४० हुनेछ । आवश्यक अंक प्राप्त नगर्ने उम्मेदवारलाई तेस्रो चरणको परीक्षामा समावेश गराइने छैन ।

क) विषयगत लिखित परीक्षाबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूको नाम वर्णानुक्रमअनुसार आयोगले तोकेको प्रतिशतका आधारमा नाम प्रकाशन गर्नु पर्नेछ ।

६.३.३. तेस्रो खण्ड - प्रयोगात्मक (आवश्यकता अनुसार) र अन्तर्वार्ता : प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा २५/२५ अंकको हुनेछ ।

क) सबै विषयमा प्रयोगात्मक परीक्षा अनिवार्य हुने छैन; आवश्यकताअनुसार प्रयोग गर्न सकिनेछ ।

ख) अन्तर्वार्ताको अंक देहाय बमोजिम दिइनेछः

(अ) शिक्षकको हकमा सोही तहको अस्थायी वा राहत शिक्षकमा काम गरेको भए प्रत्येक वर्षको ०.५ अंकका दरले बढीमा १० वर्षको अधिकतम ५ अंकसम्म दिइनेछ ।

(आ) सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता बापत प्रथम श्रेणी भए ३ अंक, द्वितीय श्रेणी भए २ अंक र तृतीय श्रेणी भए १ अंक दिइनेछ ।

(इ) प्रयोगात्मक र अन्तर्वार्ताको अंक विभाजन उम्मेदवारको व्यक्तित्व, प्रस्तुति, हाउभाउ, प्रस्तुतिको शैली, विषयवस्तुको ज्ञान, अत्मविश्वास, विद्यार्थीहरूसँगको घुलमिल तथा प्रयोगात्मक अभ्यास आदि विषयमा समितिले आफैं निर्धारण गर्नेछ ।

(ई) अन्तर्वार्ता बापतको १० अंक छनोट समितिका घटीमा ३ जना र बढीमा ५ जनासम्मले गरेको मूल्याङ्कनलाई जोडेर औसत अंक निकालिनेछ । यसरी दिइने अंक घटीमा ३५ प्रतिशत र बढीमा ७० प्रतिशतसम्म दिइनेछ; यदि सोभन्दा घटी वा बढी दिनु परेमा कारण खुलाउनु पर्नेछ ।

६.३.४. अन्तर्वार्ता सकिनासाथ सबै खण्डको प्राप्ताङ्क जोडी सबैभन्दा बढी अंक ल्याउनेलाई सफल उम्मेदवार र बाँकी उम्मेदवारमध्ये क्रमशः बढी अंक प्राप्त गर्ने २ जनासम्म वैकल्पिक उम्मेदवारका रूपमा अन्तिम नतिजा प्रकाशन गरी सफल उम्मेदवारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नु पर्नेछ ।

६.४. करार कर्मचारी छनोटका लागि लिखित परीक्षाको पाठ्यक्रम सम्बन्धित तहका लागि लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

६.४.१. लिखित परीक्षा ३ (तीन) खण्डमा सञ्चालन हुनेछ ।

६.४.२. प्रथम खण्ड - वस्तुगत परीक्षा : लोक सेवा आयोगले तोकेको पाठ्यक्रमका आधारमा १०० पूर्णाङ्कका ५० प्रश्नहरूमा एक घण्टा समयको परीक्षा हुनेछ ।

क) वस्तुगत परीक्षाको उत्तीर्णाङ्क ५० अंक प्राप्त गर्नेलाई मात्र दोस्रो खण्डको विषयगत परीक्षामा सामेल गराइनेछ ।

ख) वस्तुगत परीक्षाको ५० प्रतिशत अंक मात्र अन्तिम नतिजामा समावेश गरिनेछ ।

६.४.३.दोस्रो खण्ड - विषयगत परीक्षा : प्रथम खण्डमा उत्तीर्ण भएका परीक्षार्थीहरूलाई लोक सेवा आयोगले तोकेको पाठ्यक्रमका आधारमा विषयगत तथा सेवा सम्बन्धी १००/१०० पूर्णाङ्कको लिखित परीक्षा

सञ्चालन गरिनेछ र अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारलाई मात्र तेस्रो चरणको परीक्षामा समावेश गराइनेछ ।

क) लिखित परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूको नाम वर्णानुक्रम अनुसार लोक सेवा आयोगले तोकेको प्रतिशतका आधारमा प्रकाशन गर्नु पर्नेछ ।

६.४.४. तेस्रो खण्ड - प्रयोगात्मक (आवश्यकता अनुसार) र अन्तर्वार्ता : प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा २५ अंकको हुनेछ ।

क) सबै सेवा समूहमा प्रयोगात्मक परीक्षा अनिवार्य हुने छैन । आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ।

ख) सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता बापत प्रथम श्रेणी भए ५ अंक, द्वितीय श्रेणी भए ३ अंक र तृतीय श्रेणी भए १ अंक दिइनेछ ।

(ग) अन्तर्वार्ता बापतको २५ अंक छनोट समितिका न्यूनतम ३ जनादेखि अधिकतम ५ जनासम्मले गरेको मूल्याङ्कनलाई जोडेर औसत अंक निकालिनेछ । यसरी दिइने अंक ३५ प्रतिशतभन्दा कम र ७० प्रतिशतभन्दा बढी दिनु परेमा कारण खुलाउनु पर्नेछ ।

६.४.५. प्रयोगात्मक परीक्षा आवश्यक भएमा थप १० अंकको मूल्याङ्कन गर्न सकिनेछ । यसरी थपिएको अंक विभाजन समितिले मिलाउने छ ।

६.४.६. अन्तर्वार्ता सकिनासाथ सबै खण्डको प्राप्ताङ्क जोडी सबैभन्दा बढी अंक ल्याउनेलाई सफल उम्मेदवार र बाँकी उम्मेदवारमध्ये क्रमशः बढी अंक प्राप्त गर्ने २ जनासम्म वैकल्पिक उम्मेदवारका रूपमा अन्तिम नतिजा प्रकाशन गरी सफल उम्मेदवारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद ७
## नियुक्ति सम्बन्धमा

७.१. करार शिक्षक तथा कर्मचारी छनौट समितिबाट सिफारिस गरेको सफल उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले ७ (सात) दिनभित्र करार सम्झौता गरी बढीमा एक वर्ष वा एक आर्थिक वर्षको लागि नियुक्ति दिनु पर्नेछ ।

७.२. सिफारिस भएको मुख्य उम्मेदवार नियुक्ति बुझेको मितिले ७ (सात) दिनभित्र विद्यालयमा हाजिर नभए व्यवस्थापन समितिले वैकल्पिक उमेदवारलाई नियुक्ति दिनेछ ।

## परिच्छेद ८
## विविध

८.१. यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोगको नियमावली, गाउँ शिक्षा ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ ।

८.२. यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

८.३. यस कार्यविधिको व्याख्या गर्ने अधिकार लेकम गाउँपालिकालाई मात्र हुनेछ ।

लेकम गाउँपालिका